# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कार्तिक २२ गते २०५८ साल (अतिरिक्ताङ्क ४६

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

२०५८ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०५८/५९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०५८/५९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम : यस ऐनको नाम "विनियोजन ऐन, २०५८" रहेकोछ ।

२. आर्थिक वर्ष २०५८/५९ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०५८/५९ को निमित्त अनुसूची - १ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची - २ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ को साधारण खर्चको र महल ५ को विकास खर्चको रकम महल ६ मा उल्लिखित जम्मा रु. ८५,०३,२२,७०,०००/- (पचासी अरब तीन करोड बाइस लाख सत्तरी हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०५८/५९ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - २ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा श्री ५ को सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । विकास खर्च तर्फ विनियोजित रकम साधारण खर्च तर्फ सार्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

(दफा २ संग सम्बन्धित)

### नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सञ्चित कोषमाथि व्ययभार हुने रकम

| १. | २. | ३. | ४. |
|---|---|---|---|
| क्रम संख्यां. | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १. | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ११६२८५ |
| २. | १२ | राजपरिषद् | ८८७३ |
| ३. | १३ | संसद | ४७१४ |
| ४. | १४-३-११० | सर्वोच्च अदालत | ४४५४३ |
| ५. | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १४६३७ |
| ६. | १६ | महालेखा परीक्षकको विभाग | ५४४२६ |
| ७. | १७ | लोक सेवा आयोग | ५०५१२ |
| ८. | १८ | निर्वाचन आयोग | ३४९९४० |
| ९. | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ५३९३३९९ |
| १०. | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (वहुपक्षीय) | ५१२०१८५ |
| ११. | ८३. | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३६००४३५ |
| १२. | ९५-३-५४० | अर्थ मन्त्रालय विविध - दण्ड जरिवाना फिर्ता | २००० |
| | जम्मा | | १४७५९९४९ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - २
### (दफा २ संग सम्बन्धित)
### सञ्चित कोषबाट खर्च हुने रकम

| १. | २. | ३. | ४. | ५. | ६. |
|---|---|---|---|---|---|
| क्रम संख्यां | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | जम्मा विनियोजित रकम (रु. हजारमा) |
| १. | १३ | संसद् | १९१८६५ | ० | १९१८६५ |
| २. | १४ | अदालत | ३५४६७२ | ७३५०० | ४२८१७२ |
| ३. | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | ३००० | ३००० |
| ४. | १६ | महालेखा परीक्षकको विभाग | ० | ४८०० | ४८०० |
| ५. | १७ | लोक सेवा आयोग | ० | १६००० | १६००० |
| ६. | १८ | निर्वाचन आयोग | १२००० | ० | १२००० |
| ७. | १९ | महान्यायाधिवक्ताको कार्यालय | ९०५१४ | ८२०० | ९८७१४ |
| ८. | २० | न्याय परिषद् | ५४९८ | ० | ५४९८ |
| ९. | २५ | प्रधानमन्त्रीको कार्यालय | १५९६१ | ० | १५९६१ |
| १०. | २६ | उपप्रधानमन्त्रीको कार्यालय | २९१२ | ० | २९१२ |
| ११. | ३० | मन्त्रिपरिषद् | ४९९२० | ० | ४९९२० |
| १२. | ३५ | अर्थ मन्त्रालय | ४९१७८५ | ५७५७७१ | १०६७५५६ |
| १३. | ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २४५.४७६ | ११३६६५६ | १३८२१३२ |
| १४. | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २३१६९ | ३७०० | २६८६९ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | ४० | कृषि तथा सहकारी मन्त्रालय | १६४०११ | ३७६३५४५ | ३९२७५५६ |
| १६. | ४५ | गृह मन्त्रालय | ६८८२१८३ | १२४५३० | ७००६७१३ |
| १७. | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | ९३४१ | ५०८१९ | ६०१६० |
| १८. | ४७ | जलस्रोत मन्त्रालय | १६०४५८ | ५१३९८२६ | ५३००२८४ |
| १९. | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ३४६४२८ | ९२६२२८६ | ९६०८७१४ |
| २०. | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १०५१५७ | ७०५७२६ | ८१०८८३ |
| २१. | ५० | परराष्ट्र मन्त्रालय | ९६९१२१ | ० | ९६९१२१ |
| २२. | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३७९५३३ | ४१९८३७ | ७९९३७० |
| २३. | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ५६३५५ | २६११९६ | ३१७५५१ |
| २४. | ५८ | रक्षा मन्त्रालय | ४५२९७४१ | ० | ४५२९७४१ |
| २५. | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | ९५२०५० | ७७६४५९ | १७२८५०९ |
| २६. | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २६६३१ | ८८३६९९ | ९१०३३० |
| २७. | ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | १०४९७८९५ | ३५७४९५२ | १४०७२८४७ |
| २८. | ६६ | सामान्य प्रशासन मन्त्रालय | ४२९६९ | ६०५४७८ | ६४८४४७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | ९२२६०३ | २३६४९८ | ११५९१०१ |
| ३०. | ६९ | स्थानीय विकास मन्त्रालय | ६२८७८२ | ६३२५८६८ | ६९५४६५० |
| ३१. | ७० | स्वास्थ्य मन्त्रालय | २२४३७२५ | २९४७२३० | ५१९०९५५ |
| ३२. | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ४७६६० | ९४९५८ | १४२६१८ |
| ३३. | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८७१२८ | ३६१२१७ | ४४८३४५ |
| ३४. | ८६ | अर्थ मन्त्रालय -लगानी वैदेशिक संस्थाहरु | ४८१२४ | ० | ४८१२४ |
| ३५. | ८७ | अर्थ मन्त्रालय -लगानी सार्वजनिक संस्थान | ० | ११३१९४७७ | ११३१९४७७ |
| ३६. | ९५ | अर्थ मन्त्रालय -विविध | ३९७८३२५ | १७९५०५० | ५७७३३७५ |
| | | जम्मा | ३४५६१९९२ | ५०४७०२७८ | ८५०३२२७० |

लालमोहर सदर मितिः २०५८।७।२२।४

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



५६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।